अनुसूची- १

# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**सूचना सार्वजनिक गर्ने निकायको नाम : केन्द्रिय गाईभैंसी प्रवर्द्धन कार्यालय, हरिहरभवन, ललितपुर**

सूचना सार्वजनिक गरेको अवधि : आ.व. २०७२।०७३ श्रावण १ गते देखि आश्विन मसान्त सम्म

## १. निकायको स्वरुप र प्रकृति (ऐतिहासिक पृष्ठभूमि सहितको विवरण राख्ने) :

केन्द्रीय गाईभैंसी प्रवर्द्धन कार्यालय, हरिहरभवन, कृषि विकासमन्त्रालय, पशु सेवा विभाग, पशु उत्पादन निर्देशनालय अन्तरगतको एक केन्द्रीयस्तरको कार्यालय हो । आ.व.०६०/६१ सम्म यस कार्यालयले पशु उत्पादन निर्देशनालय अन्तरगतको दूग्ध उत्पादन शाखाको नामबाट संयुक्तरुपमा कार्य सञ्चालन गर्दै आएको थियो । तत्पश्चात कार्यालयको कार्यक्षेत्र र कार्यभारमा बढावा दिई उन्नत एवं स्थानीय नश्लको गाईभैंसीको उत्पादन एवं उत्पादकत्वमा वृद्धि गर्नुका साथै घाँसमा आधारित पशुपालन व्यवसायलाई प्रश्रय गरी रोजगारीको अवसर श्रृजना गर्ने उद्देश्यले तात्कालिन श्री ५ को सरकार, मन्त्रीपरिषदको मिति २०६०/८/४ को निर्णय बमोजिम पशु सेवा विभागको साँगठानिक पुनर्संरचना अनुरुप तात्कालिन दूग्ध उत्पादन शाखा मिति २०६१/१/१ देखि लागू हुने गरी केन्द्रीय गाईभैंसी प्रवर्द्धन कार्यालय एउटा पृथक रुपमा केन्द्रीय कार्यालय भै मिति २०६१/९/१ मा स्थापना भएको हो ।

## २. निकायको काम, कर्तव्य र अधिकार (नेपाल सरकारले कार्य विभाजन नियमावली, प्रचलित ऐन र संगठिन तालिका पारित हुँदा सुम्पिएका जिम्मेवारी राख्ने) :

- दूध तथा मासुको उत्पादन लागत घटाउने तथा उत्पादकत्व बढाउने कार्यक्रम सञ्चालन गर्ने गराउने ।
- उन्नत नश्लका गाई भैंसीहरु स्वदेशमा नै उत्पादन गर्न र क्रमशः आयात प्रतिश्थापन गर्न सरकारी तथा नीजि क्षेत्रमा श्रोतकेन्द्र स्थापना गर्नको लागि कार्यक्रमहरु सञ्चालन गर्ने र सो को तथ्याङ्क संकलन गरी अद्यावधिक गर्दै लैजाने ।
- गाईभैंसीका उन्नत नश्ल विकास गर्न नेपाल कृषि अनुसन्धान परिषद तथा अन्य संस्थासँग Collaborative Research गर्ने र प्रविधि हस्तान्तरण गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने ।
- देशभर छरिएर रहेका नीजिस्तरका गाईभैंसी पालक व्यवसायीहरुलाई संगठित गराउँदै लैजान गाईभैंसी पालन कार्यनीति तथा कार्यक्रम सञ्चालन गर्ने ।
- स्थानीय याक, नाक, चौंरी तथा गाईभैंसी पेशामा संलग्न कृषकहरुको संस्थागत विकास गर्न कार्यक्रम सञ्चालन गर्ने ।
- विषयगत तालिम सञ्चालनमा विषय विशेषज्ञको श्रपमा कृषकस्तरीय एवँ मध्यमस्तरीय प्राविधिक तालिम सञ्चालनमा सहयोग गर्ने ।
- शहरी क्षेत्र र मुख्य मुख्य राजमार्गको आसपासमा गाईभैंसीपालन समूह मार्फत दूग्ध उत्पालन कार्यक्रम सघन रुपमा सञ्चालन गराउने र सो कार्यक्रमको अनुगमन गर्ने ।
- दूध उत्पादनको लागत घटाउन र सुख्खा मौशममा समेत दूध उत्पादनमा ह्रास आउन नदिने प्रविधि किसानहरुमा पुऱ्याउने व्यवस्थ ाागर्ने गराउने र सो कार्यको अनुगमन गर्ने ।
- किसानहरुलाई सफा दूध उत्पादनको गर्न प्रसार कार्यक्रम मार्फत जागरुक बनाउने ।
- दूध उत्पादन रेकर्डिङ्ग कार्यक्रम किसानस्तरमा सञ्चालन गरी उत्पादनसील पशुहरुको छनौट गर्ने गराउने र सो कार्यक्रमको अनुगमन गर्ने ।

- ❖ दूधको वजार विविधिकरणको लागि कृषकस्तरमा खुवा, पनिर, आदि उत्पादन तथा वजार व्यवस्थापन गर्न सहयोग गर्ने गराउने र सो कार्यको अनुगमन गर्ने ।
- ❖ राजमार्ग तथा शहरी क्षेत्रदेखि टाढा रहेका जिल्लाहरुमा जिल्ला सदरमुकामको आसपासलाई प्राथमिकता दिई गाईभैंसी विकास सम्बन्धि विशेष कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।
- ❖ उत्तरी भेगका चीज उत्पादन क्षेत्रहरुमा याक तथा चौरी संरक्षण तथा विकास कार्यक्रमहरु सञ्चालन गर्न प्राविधिक सेवा पुर्‍याउने ।
- ❖ परम्परागत रुपमा तयार गर्ने गरेका दूग्ध पदार्थहरुको गुणस्तरमा वसद्धि गराउने कार्यक्रम सञ्चालन गर्न सहयोग पुर्‍याउने र सो कार्यक्रमहरको अनुगमन गर्ने ।
- ❖ उच्च प्रजनन् नश्लका भैंसीहरु थाकेपछि मासुका लागि विक्रि हुने भैंसीहरुको पुनर्स्थापन गर्न कार्यक्रमहरु तर्जुमा गरी लागु गर्ने ।
- ❖ गाई तथा भैंसीसंग सम्बन्धित जैविक विविधता संरक्षण र सम्वर्द्धन गर्ने गराउने तथा सो कार्यको अनुगमन गर्ने ।
- ❖ गाईभैंसीपालन व्यवसायलाई अझै आधुनिक गराउँदै व्यवसायिकरणमा जोड दिने ।
- ❖ व्यवसायिक गाईभैंसी फार्महरुको तथ्याङ्क संकलन, विश्लेषण गरी अभिलेख अध्यावधिक गरी राख्ने।
- ❖ गाईभैंसीमा उन्नत पशु प्रजनन् सेवाको पहुँच पुर्‍याउने उद्देश्यले, कृत्रिम गर्भाधानको सेवा नपुगेका जिल्लाहरुमा, उन्नत नश्लका साँढे तथा राँगाहरुको वितरण गर्ने ।
- ❖ व्यवसायिक रुपमा गाईभैंसीपालन पेशामा लागेका कृषक उद्यमीहरुको कार्यक्षमतामा सुधार ल्याउन तथा अनुभवको आदानप्रदानको लागि गोष्ठि, तालिम, भ्रमण, आदिको व्यवस्था गर्ने गराउने ।
- ❖ गाईभैंसीपालन सम्बन्धि राष्ट्रिय नीति तथा कार्यक्रमहरुको तर्जुमा गर्ने ।
- ❖ गाईभैंसीपालन व्यवसायका लागि प्राविधिक मापदण्डहरु (Technical Parameters) तयार गरी सम्बन्धित सरोकारवालाहरुलाई उपलब्ध गराउने ।
- ❖ जिल्लास्तरमा सञ्चालित गाईभैंसीपालन कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने, विषयगत प्राविधिक तथा आर्थिक नर्मसहरुको तयारी तथा समसामयिक सुधार गर्ने ।
- ❖ गाईभैंसीसँग सम्बन्धित आवस्यक राष्ट्रिय मापदण्ड, गुणस्तर र सो सम्बन्धि सूचना प्रवाह गर्ने कार्यमा पशु उत्पादन निर्देशनालयलाई आवस्यक पर्ने सहयोग गर्ने ।
- ❖ राष्ट्रियस्तरका संघ, संस्थाहरुसँग सम्पर्क एवँ समन्वय गरी गाईभैंसी व्यवसाय सम्बन्धि प्रविधिको हस्तान्तरण गर्ने ।
- ❖ गाईभैंसी, याकचौंरी फार्महरुको साथै पकेट प्याकेज कार्यक्रमहरुको सुपरिवेक्षणमा समन्वय गर्ने ।
- ❖ मासुका लागि पाडापालन जस्ता कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडी बढाई मासुको आपूर्तिमा सुधार ल्याउनाको साथै उत्पादनसील थारा भैंसीहरुलाई मासुको रुपमा प्रयोग हुनबाट जोगाउने ।
- ❖ गाईभैंसीहरुको जैविक विविधताको संरक्षणका साथै यिनीहरुको प्रवर्द्धन समेत गर्नको लागि कृषकहरुलाई सहुलियत, पुरस्कार, आदिको व्यवस्थाका साथै स्थानीय छनौटका तरिकाहरु प्रयोग गरी उत्पादन र उत्पादकत्व समेतमा सुधार ल्याउने ।
- ❖ गाई तथा भैंसीहरुमा जातीय सुधार कार्यक्रमहरुको सञ्चालन गरी वंशावलीमा आधारित क्षमताको सुधार तथा अभिलेखिकरण (Pedigree Performance Recording System, PPRS) का माध्यमद्वारा उत्कृष्ट राँगो तथा साँढेहरुको छनौट गरी कृत्रिम तथा प्राकृतिक प्रजननमा प्रयोग गराई विदेशबाट झिकाइने राँगो, साँढे तथा जमेको विर्यलाई क्रमशः प्रतिश्थापन गर्दै जाने ।

**३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण (सवै प्रकारका दरवन्दीको विवरण र कार्य विभाजन राख्ने) :**




## हाल कार्यरत जनशक्तिको विवरण

| क्र.सं. | कर्मचारीको नाम, थर | पद | श्रेणी | शैक्षिक योग्यता | कार्यरत मिति |
|---|---|---|---|---|---|
| १ | डा. रेसम राज ज्ञवाली | व.प.वि.अ. | रा.प.द्वि (प्रा.) | एम.भिं.एस्सी | २०७२।७८ |
| २ | डा.श्री जगदीश पाण्डेय | प.वि.अ. | रा.प.तृ. (प्रा.) | बि.भि.एस्सी. एण्ड ए.एच. | २०७१/१/२ |
| ३ | श्री बासुदेव नाथ | प.वि.अ. | रा.प.तृ. (प्रा.) | एम.पि.ए /बि. एल/ जे. टी तालिम | २०७०/९/१ |
| ४ | श्री हुमाकान्त पाण्डे | प.से.प्रा. | रा.प.अनं.प्र. (प्रा.) | जे.टि.तालिम | काजमा KUBK |
| ५ | श्री सुमन कुँवर | प.से.प्रा. | रा.प.अन.प्र. (प्रा.) | जे.टि.ए.तालिम, वि.ए. | २०६२/४/१० |
| ६ | श्री मनहरि खत्रि | ना.सु. | रा.प.अनं.प्र. (प्र.) | वि.ए. | २०७०/८/८ |
| ७ | श्री पुष्प राज सिग्देल | ना.प.से.प्रा. | रा.प.अनं.द्वि. (प्रा.) | जे.टि.ए.तालिम, वि.ए | २०६१/५/१८ |
| ८ | श्री रचना दुरा आचार्य | सह-ले.पा. | रा.प.अनं.द्वि. (प्र.) | आई ए | २०७१/१/१० |
| ९ | श्री हरि श्रेष्ठ | का.स. | श्रेणी विहीन | साधारण लेखपढ | (करारमा) |
| १० | श्रीमती पुनम पोंडे | का.स. | श्रेणी विहीन | साधारण लेखपढ | (करारमा) |
| ११ | श्री बिष्णु पोखरेल | ह.स. चा. | श्रेणी विहीन | साधारण लेखपढ | (करारमा) |

**४. निकायबाट प्रदान गरिने सेवा (सेवाको किसिम खुल्ने सूची, नागरिक वडापत्र राख्ने) :**

| क्र.स. | कार्यलयवाट प्रदान गरिने सेवाहरु | सेवाका लागि सम्पर्क व्यक्ति | सेवा प्राप्त गर्न लाग्ने समय | जन गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|
| १ | उन्नत प्रविधिबाट गाई भैंसीपालन गर्नेबारे प्राविधिक सर–सल्लाह उपलब्ध गराउने | प.वि.अ<br>प.से.प्रा. | कार्यालयमा कामको चाँप अनुसार सम्पर्क गरेको समयदेखि १ घण्टा भित्र | कार्यालय प्रमुख |
| २ | गाईभैंसीको श्रोत पहिचान एवँ विकास सेवा कार्यक्रम सम्बन्धि जानकारी | प.वि.अ<br>प.से.प्रा. | १५ मिनेट देखि १ घण्टासम्म | कार्यालय प्रमुख |
| ३ | प्रजनन्योग्य उन्नत राँगो/साँढे वितरण सेवा सम्बन्धि जानकारी | प.वि.अ<br>प.से.प्रा. | १५ मिनेट देखि १ घण्टासम्म | कार्यालय प्रमुख |
| ४ | गाईभैंसी सम्बन्धि प्राविधिक पुस्तिका, पाम्पलेट/लिफलेट तथा म्यानुअल वितरण | ना.प.से.प्रा<br>ना.सु. | १५ मिनेट देखि १ घण्टासम्म | कार्यालय प्रमुख |
| ५ | पशु आनुवाँसिकी श्रोतको संरक्षण, संवर्द्धन, दिगो विकास र सदुपयोग बारे जानकारी | व.वि.अ.<br>प.से.प्रा. | १५ मिनेट देखि १ घण्टासम्म | कार्यालय प्रमुख |
| ६ | उत्पादनशील थारा भैंसी संरक्षण सेवा कार्यक्रम सम्बन्धि जानकारी | प.वि.अ<br>प.से.प्रा. | १५ मिनेट देखि १ घण्टासम्म | कार्यालय प्रमुख |
| ७ | गाई भैंसी प्रवर्द्धनको लागि राष्ट्रिय नीति तथा कार्यनीति बारे जानकारी दिने | प.वि.अ<br>प.से.प्रा. | कार्यालयमा कामको चाँप अनुसार सम्पर्क गरेको समयदेखि १ घण्टा भित्र | कार्यालय प्रमुख |

पुनश्च :

१. प्राविधिक पुस्तिका,पाम्पलेट्स,बुकलेट्स,पोष्टर, आदि कार्यालयको वार्षिक लक्ष्य अनुसार निश्चित संख्यामा प्रकाशन हुने भएकोले कार्यालयमा मौज्दात रहेको अवस्थामा मात्र व्यवहारिकता हेरी, संख्या एकिन गरी, उपलब्ध गराइने छ ।

२. कार्यालयमा सम्बन्धित कामको सम्बन्धमा केही गुनासो भएमा कार्यालय प्रमुखसंग प्रत्यक्ष भेट गरी वा कार्यालयको गुनासो पेटिकामा लेखी राखी दिनु हुन समेत अनुरोध छ ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**

**योजना शाखा**

पशु विकास अधिकृत-डा.जगदीश पाण्डेय

**प्रशासन तथा लेखा शाखा**

श्री मनहरी खत्रि श्री रचना दुरा

**अनुगमन तथा तथ्यांक शाखा**

पशु विकास अधिकृत-श्री बासुदेव नाथ

**६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि (सेवाको किसिम अनुसारको दस्तुर र समयावधि राख्ने) :**

केहि दस्तुर नलाग्ने तथा यथासक्दो छिटो कार्य सम्पन्न गरिने

**७. निर्णय गर्ने प्रक्रिया र अधिकार (कार्यचरण/कार्य प्रवाह तालिका र निर्णकर्ताको सूची राख्ने) :**

स्टाफ बैठक, माथिल्लो निकाय पशु उत्पादन निर्देशनालय, टिप्पणी आदि ।

**८. निर्णय उपर उज'री स'न्ने अधिकारी -उज'री/प'नरावेदनको प्रक्रिया र पदाधिकारी ख'लाउने) :**

कार्यालय प्रमुख , विभागीय प्रमुख

९. सम्पादन गरेको कामको विवरण (अपेक्षित काम र परिमाण राख्ने) :

**१०. सूचना अधिकारी र प्रमुखको  नाम र पद (नाम, पद, सम्पर्क नंवर र फोटो राख्ने) :**

डा. जगदीश पाण्डेय        ०१५५३८९०२

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची (सम्वद्ध ऐन, कानूनको सूची राख्ने) :**

उन्नत गाई/भैंसी श्रोतकेन्द्र विकास कार्यक्रम संचालन निर्देशिका, २०७०
(प्रथम संशोधन २०७१)

पशु सेवा विकास कार्यकम संचालन कार्यविधि, २०७२

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :**

**२०७२ आश्विन महिना सम्मको खर्चको फाटबारी**
**आर्थिक वर्ष २०७२।०७३**

म.ले.फा.न.१३

**बजेट उपशीर्षक नम्बर        ३१२१२६३ (चालू)**

| आश्विन महिनाको खर्च | आश्विन महिना सम्मको निकासा | खर्च संकत नं. | खर्च शीर्षक | अन्तिम बजेट | आश्विन महिना सम्मको खर्च | बाकि | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | निकासा |
| २८१,१७२।०० | ५७७,३६०।०० | २११११ | तलव | २,९१६,०००।०० | ५७७,३६०।०० | २,३३८,६४०।०० | ०।०० |
| ६,०००।०० | १८,०००।०० | २१११३ | महंगी भत्ता | ९६,०००।०० | १८,०००।०० | ७८,०००।०० | ०।०० |
| ०।०० | ०।०० | २११२१ | पोशाक | ६०,०००।०० | ०।०० | ६०,०००।०० | ०।०० |
| ३,०००।०० | ३,०००।०० | २२१११ | पानी बिद्यूत | २४,०००।०० | ३,०००।०० | २१,०००।०० | ०।०० |
| ३,०००।०० | ३,०००।०० | २२११२ | संचार महशूल | ९०,०००।०० | ३,०००।०० | ८७,०००।०० | ०।०० |
| १३,७६९।०० | १०३,८२९।०० | २२२११ | इन्धन | २८३,०००।०० | १०३,८२९।०० | १७९,१७१।०० | ०।०० |
| ३३,७२९।०० | ३५,४७९।०० | २२२१२ | मर्मत | १८८,०००।०० | ३५,४७९।०० | १५२,५२१।०० | ०।०० |
| १४,०००।०० | १४,०००।०० | २२२१३ | बिमा | २०,०००।०० | १४,०००।०० | ६,०००।०० | ०।०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७,४१०।०० | ७३,३७९।०० | २२३११ | का.सा. | २६८,०००।०० | ७३,३७९।०० | १९४,६२१।०० | ०।०० |
| ३,०४०।०० | ३,०४०।०० | २२३१४ | इन्धन अ. प्र. | २०,०००।०० | ३,०४०।०० | १६,९६०।०० | ०।०० |
| ०।०० | ०।०० | २२४११ | सेवा परामर्श | ५०,०००।०० | ०।०० | ५०,०००।०० | ०।०० |
| २१,२५२।०० | ७२,२५२।०० | २२४१२ | अ.शेवा शूल्क | ३१२,०००।०० | ७२,२५२।०० | २३९,७४८।०० | ०।०० |
| ०।०० | ०।०० | २२५१२ | सिप वि.तथाजनचेतना तालिम | १,२४०,०००।०० | ०।०० | १,२४०,०००।०० | ०।०० |
| २०१,५६०।०० | ७९९,७८०।०० | २२५२२ | कार्यक्रम खर्च | ९,४९१,०००।०० | ७९९,७८०।०० | ८,६९१,२२०।०० | ०।०० |
| ११८,८१०।०० | २५७,९००।०० | २२६११ | अनुगमन | ९९५,०००।०० | २५७,९००।०० | ७३७,१००।०० | ०।०० |
| ०।०० | ०।०० | २२६१२ | भ्रमण | ५००,०००।०० | ०।०० | ५००,०००।०० | ०।०० |
| ५,७००।०० | १५,४०५।०० | २२७११ | बिबिध | ५०,०००।०० | १५,४०५।०० | ३४,५९५।०० | ०।०० |
| **७१२,४४२।००** | **१,९७६,४२४।००** | **जम्मा** | | **१६,६०३,०००।००** | **१,९७६,४२४।००** | **१४,६२६,५७६।००** | **०।००** |

**१३. तोकिए बमोजिमका अन्य विवरण (माथिको प्रकरणमा नपरेका सूचना राख्ने) :**

छैन

१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण (गत वर्षमा संचालित कार्यक्रम राख्ने) :

**१५. सार्वजनिक निकायको वेभसाईट भए सो को विवरण (वेभसाईट सम्बन्धी विवरण राख्ने) :**

www.ccbpo.gov.np

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण (दाता र कार्यक्रम अनुसारको विवरण राख्ने) :**

छैन

१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | इकाई | वार्षिक लक्ष | | | प्रथम चौमासिक लक्ष | | | प्रथम चौमासिकप्रगति | | प्रतिवेदन अवधिसम्म को यस आ.व.को प्रगति | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | परिमाण | भार |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| **क)** | **पूजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु (३१२१२६४)** | | | | | | | | | | | |
| १ | फर्निचर खरिद (दराज २, टेबुल ४, कुर्चि ४ आदि) | पटक | १ | १.१६ | १५० | १ | १.१६४ | १५० | १ | १.१६ | १ | १.२ |
| २ | ल्यापटप खरिद ( एच. पि. आइ फाइभ) | सेट | १ | ०.७ | ९० | १ | ०.६९८ | ९० | १ | ०.७ | १ | ०.७ |
| ३ | डेस्कटप कम्प्युटर तथा प्रिन्टर सेट खरिद (एसर र क्यानन) | सेट | २ | १.६३ | २१० | २ | १.६२९ | २१० | २ | १.६ | २ | १.६ |
| **पूजीगत खर्च अन्तर्गतको जम्मा :** | | | | **३.४९** | **४५०** | | **३.४९** | **४५०** | | **३.४९** | | **३.५** |
| **ख)** | **चालु खर्च अन्तर्गतका कार्यक्रमहरु (३१२१२६३)** | | | | | | | | | | | |
| **१** | **मासुका लागि पाडा हुर्काउने कार्यकम** | | | | | | | | | | | |
| १.१ | झापा,मोरङ,सुनसरी,सप्तरी,सिराहा,धनुषा,महोत्तरी सर्लाहि,रौतहट, बारा, पर्सा,मकवानपुर चितवन, नवलपरासी, रुपन्देहि, कपिलबस्तु,, दाङ्ग बांके, बर्दिया, कैलालि, कन्चनपुर, , ललितपुर, धादिङ, नुवाकोट तथा काभ्रेमा संचालित मासुका लागि पाडा हुर्काउने कार्यकम का कृषकहरुलाई २ दिने अभिमुखिकरण | पटक | १ | १.९४ | २५० | १ | १.९४ | २५० | १ | १.९४ | १ | १.९४ |
| २ | **उन्नत गाईभैंसी श्रोतकेन्द्र स्थापना (फलोअप)** | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१ | दुधालु गाईभैसीको दुध उत्पादन तथ्याङ्क संकलन, डाटा ईन्ट्री, प्रशोधन, विश्लेषण गर्ने (१० श्रोत केन्द्रहरुको : सप्तरी ,चितवन ,नवलपरासी, दाङ्ग, कञ्चनपुर, धनुषा, सर्लाहि, कपिलवस्तु, रुपन्देहि र मोरङ्ग तथा पशु विकास फार्म पोखरा र जिरि) | पटक | १२ | ५.८२ | ७५० | ४ | १.१६४ | १५० | | | | |
| २.२ | मिल्क प्रिजर्भेटिभ, औषधी, भ्याक्सीन खरिद तथा वितरण (१० श्रोत केन्द्रहरुमा र पशु विकास फार्म पोखरा र जिरि ) | पटक | २ | ४.६६ | ६०० | १ | २.३२८ | ३०० | १ | २.३ | १ | २.३ |
| २.३ | दुधालु गाईभैसीको तथ्याङ्क संङ्कलनको लागि रेकर्ड छपाई गर्ने | पटक | २ | ३.१ | ४०० | १ | १.५५२ | २०० | १ | १.६ | १ | १.६ |
| **३** | **उत्पादनशिल बकेर्नो भैंसी संरक्षण** | | | | | | | | | | | |
| ३.१ | उत्पादनशिल बकेर्नो भैंसी संरक्षण केन्द्र स्थापना तथा कार्यकम संचालन सम्बन्धि अभिमुखिकरण कार्यकम | पटक | १ | २.२५ | २९० | | | | | | | |
| **४** | **दुधालु गाई भैसीको बंश सुधार कार्यक्रम** | | | | | | | | | | | |
| ४.१ | तरहरा फार्ममा संचालित बि.जि.आइ. पि. कार्यकममा सपोर्ट (पशु स्वास्थ्य तथा पशु उत्पादन प्याकेज) | पटक | २ | १.२४ | १६० | १ | ०.६२१ | ८० | १ | ०.६२ | १ | ०.६२ |
| ४.२ | मदन स्मृति प्रतिष्ठान उर्लाबारि मा संचालित डि.सि.आइ.पि. कार्यकममा सपोर्ट (पशु स्वास्थ्य तथा पशु उत्पादन प्याकेज) | पटक | २ | २.३३ | ३०० | १ | १.१६४ | १५० | १ | १.१६ | १ | १.१६ |
| **५** | **नश्ल सुधारको लागि प्रजननयोग्य उन्नत राँगा, सांढे छनौंट, खरिद, ढुवानी एवं वितरण तथा अनुगमन ( ट्यागिङ्ग, परजिवी नियन्त्रण, फिड सप्लीमेन्ट तथा गोठ सुधार अनुदान सहित) : सरकारी फार्म तथा श्रोत केन्द्रहरुबाट खरिद गर्ने** | संख्या | ७० | २८.५ | ३६७९ | | | | | | | |
| **६** | **जिल्लास्तरीय व्यवसायीक गाई भैसी फार्महरुको इन्भेन्ट्री तयार गर्ने तथा वेब बेस डाटा ईन्ट्रि** | जिल्ला | ७५ | ३.८८ | ५०० | २५ | १.२८ | १६५ | २५ | १.३ | २५ | १.३ |
| **७** | **गाइभैंसीपालक कृषक पाठशालाको म्यानुअल तयारि** | पटक | १ | ०.७८ | १०० | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | केन्द्रिय गाईभैसी प्रवर्द्धन कार्यालयबाट जिल्लाहरुमा सन्चालित कार्यक्रमहरुको अनुगमन तथा प्रतिवेदन | पटक | १४ | ६.९८ | ८९९ | ५ | २.३२८ | ३०० | ५ | २.३ | ५ | २.३३ |
| ९ | पम्पलेट, लिफ्लेट, फ्लेक्स,फोल्डरहरुको प्रकाशन र वितरण | पटक | २ | १.५५ | २०० | १ | ०.७७६ | १०० | १ | ०.८ | १ | ०.८ |
| १० | कार्यालय सहयोगीको रिक्त पदको सेवा करारमा लिने | जना | २ | २.४२ | ३१२ | २ | ०.८०७ | १०४ | ३ | ०.८ | ३ | ०.८१ |
| ११ | प्राविधिक पुस्तिका प्रकाशन र वितरण (२००० प्रति) | पटक | १ | २.३३ | ३०० | १ | २.३२८ | ३०० | १ | २.३ | १ | २.३३ |
| १२ | वार्षिक पुस्तिका तयारी र वितरण | पटक | १ | ०.३९ | ५० | १ | ०.३८८ | ५० | १ | ०.३९ | १ | ०.३९ |
| १३ | व्यवशायिक गाईभैंसी पालन तालिम (श्रोत केन्द्र तथा उत्पादनशिल बकेर्नो भैंसी संरक्षण केन्द्रका कृषकहरुलाइ) १ हप्ते | पटक | ३ | ६.२१ | ८०० | १ | २.०७२ | २६७ | १ | २.०७ | १ | २.०७ |
| १४ | श्रोत केन्द्र संचालन सम्बन्धि अभिमुखिकरण कार्यक्रम | पटक | १ | २.२५ | २९० | १ | २.२५ | २९० | १ | २.२५ | १ | २.२५ |
| १५ | डेरि समाचार प्रकाशन | पटक | ३ | ०.५८ | ७५ | १ | ०.१९४ | २५ | १ | ०.१९ | १ | ०.१९ |
| १६ | रेडियो, टि.भि., पत्रपत्रिका मार्फत प्रविधि प्रसार | पटक | ३ | १.१६ | १५० | १ | ०.३८८ | ५० | १ | ०.३९ | १ | ०.३९ |
| १७ | कार्यालयमा संचालित वेबसाइट तथा सफ्टपेयर ब्यवस्थापन | पटक | १ | ०.७८ | १०० | १ | ०.७७६ | १०० | १ | ०.७८ | १ | ०.७८ |
| १८ | क्षेत्रिय स्तर समिक्षा तथा योजना तर्जुमा गोष्ठिमा भाग लिने | पटक | ३ | १.५२ | १९६ | १ | ०.५०४ | ६५ | १ | ०.५ | १ | ०.५ |
| १९ | राहत तथा पुनस्थापना कार्यक्रम : युरिया मोलासेस मिनरल ब्लक वा मिनरल मिक्स्चर वितरण कार्यक्रम | पटक | २ | ४.४८ | ५७८ | १ | २.२४२ | २८९ | १ | २.२४ | १ | २.२४ |
| २० | राहत तथा पुनस्थापना कार्यक्रम : आन्तरिक तथा बाहिरि परजिवि नियन्त्रण, खोप सेवा कार्यक्रम | पटक | २ | ३.५७ | ४६० | १ | १.७८५ | २३० | १ | १.७८ | १ | १.७८ |
| २१ | कार्यालय सरसफाइ तथा अन्य सेवाहरु | पटक | १२ | ०.३९ | ५० | ४ | ०.१३२ | १७ | ४ | ०.१३ | ४ | ०.१३ |
| २२ | प.उ.नि बाट छनौट गरिएका इलाईट हर्डहरुमा पशु स्वास्थ्य तथा पशु उत्पादन प्याकेज (२० हर्डका लागि) | पटक | २ | २.३३ | ३०० | १ | १.१६४ | १५० | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | प.उ.नि बाट छनौट गरिएका मल्टिप्लायर हर्डहरुमा पशु स्वास्थ्य तथा पशु उत्पादन प्याकेज (२० हर्डका लागि) | पटक | २ | ३.१ | ३९९ | १ | १.५४४ | १९९ | | | | |
| २४ | स्टेरिङ कमिटि बैठक तथा अन्य बैठकहरु संचालन | पटक | ६ | १.१६ | १५० | २ | ०.३८८ | ५० | २ | ०.३९ | २ | ०.३९ |
| २५ | टेक्निकल पारामिटर तयारि : याक नाक चौरीको | पटक | १ | ०.७८ | १०० | १ | ०.७७६ | १०० | | | | |
| | चालु खर्च अन्तर्गतका कार्यक्रमको जम्मा : | | | ९६.५१ | १२४३८ | | ३०.८९ | ३९८१ | | २६.२ | | २६.२५ |
| | कार्यक्रम खर्च तर्फको जम्मा ( क+ख) : | | | १०० | १२८८८ | | ३४.३८ | ४४३१ | | २९.७ | | २९.७४ |

## १८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :

छैन

## १९. सार्वजनिक निकायमा परेका सूचना माग सम्वन्धि निवेदन र सो उपर सूचना दिएको विवरण (सूचना मागको निवेदन र प्रगति राख्ने) :

छैन

## २०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा छुट्टै भएको भए सो को विवरण (प्रकाशनको सूची राख्ने) :

छैन तर कृषकका लागि जानकारी मुलक सुचना बिभिन्न साप्ताहिक, मासीक तथा चौमासीक पत्रीकाहरुलाई प्रकाशनको लागि प्रदान गरिएको ।

## नोट :-

१. यो ढाँचा एक पटक कम्प्युटरमा सेट गरे पछि प्रत्येक ३/३ महिनामा सोही ढाँचामा रही काम गर्न सकिनेछ ।

२. ३/३ महिनामा परिवर्तन भएका सूचना र तथ्यांक परिमार्जन गरी सार्वजनिक गर्नु पर्छ ।

३. प्रत्येक ३ महिना व्यतित भएको १५ दिन भित्र यो विवरण सार्वजनिक गरी सो को एक प्रति विवरण सहित राष्ट्रिय सूचना आयोगलाई जानकारी दिनु पर्छ ।

४. यस्तो ३/३ महिनाको गणना आर्थिक वर्षका आधारमा गर्नु पर्छ । जस अनुसार श्रावण-आश्विन पहिलो त्रैमासिक, कार्तिक-पौष दोश्रो चौमासिक, माघ-चैत्र तेश्रो चौमासिक र बैशाख-आषाढ चौथो त्रैमासिक हुनेछ ।